श्री

ललितपुर जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री निर्मला योङया

आदेश

मुद्दा नं.०८२-C१-०११५

बोधबिक्रम थापासमेतको जाहेरीले नेपाल सरकार.......................................................वादी

विरुद्ध

कुम्भराज गुरुङसमेत...,..........................................................................प्रतिवादी

मुद्दाः ठगी, लिखत, अभौतिक मुद्रा, नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ अन्तरगर्तको कसुर र संगठित अपराध।

निवेदन-पत्रसाथ उपस्थित प्रतिवादी कुम्भराज गुरुङको बयान कार्य सम्पन्न भई अभियोग-पत्रसहित समग्र मिसिल अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित जिल्ला सरकारी वकील कार्यालय, ललितपुरका विद्वान् सहायक जिल्ला न्यायाधिवक्ताहरु श्री वसन्त अर्याल र श्री भरतकुमार मैनाली तथा प्रतिवादी कुम्भराज गुरुङको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा तथा विद्वान् अधिवक्ताहरु श्री मंगल महर्जन, श्री सुशिला कार्की र श्री सन्ध्या कार्कीसमेतले गर्नु भएको बहससमेत सुनियो।

थुनछेक आदेशतर्फ विचार गर्दा, कुम्भराज गुरुङसमेतका प्रतिवादीहरुले मितेरी सहकारी संस्थामा बचतकर्ताहरुले जम्मा गरेको रकम र सोको ब्याजसमेत गरी रु.१४,२९,२४,७५४।९२ (चौध करोड उन्तीस लाख चौबीस हजार सात सय चौवन्न रुपैयाँ बयानब्बे पैसा) रकम ठगी गरी मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१) ले निषेधित र ऐ. उपदफा (२) मा परिभाषित कसुर गरेको हुँदा निजसमेतका प्रतिवादीहरुलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) बमोजिम सजाय हुन र निजसमेतका प्रतिवादीहरुबाट उक्त सहकारीबाट ठगी भए गरेको साँवा, ब्याजसहितको जम्मा रु.१४,२९,२४,७५४।९२(चौध करोड उन्तीस लाख चौबिस हजार सात सय चौवन्न रुपैयाँ बयानब्बे पैसा) रकम मुलुकी अपराध संहिता, २०७४ को दफा २५४ बमोजिम जाहेरवाला बोधबिक्रम थापा मार्फत उक्त सहकारी संस्थाबाट बचत रकम फिर्ता पाउनु पर्ने बचतकर्ताहरुलाई प्रतिवादीहरुबाट क्षतिपूर्ति दिलाई भराई पाउन साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम पीडि

राहत कोषमा प्रतिवादीहरुबाट क्षतिपूर्ति शुल्क जम्मा गराई पाउँ भन्नेसमेत बेहोराको मागदावी लिई प्रस्तुत अभियोग-पत्र दायर भएको देखिन्छ।

मिसिल संलग्न तत्काल प्राप्त प्रमाण अध्ययन गर्दा, मितेरी बचत तथा ऋण सहकारी संस्थाको महाप्रबन्धक पदमा रहेकी ज्योती गुरुङले उक्त सहकारी संस्थामा बचतकर्ताहरुले जम्मा गर्न ल्याएको मुद्दती खातामा जम्मा गरेको बचत रकम संस्थाको खातामा जम्मा नगरी हिनामिना गरी फरार भएको, ज्योती गुरुङले नै सहकारी संस्थाका कार्यकारी अध्यक्ष कुम्भराज गुरुङसमेतका पदाधिकारीहरुसंग प्रतिवादी ज्योतीबहादुर भण्डारीको सम्पर्क गराइदिई निज ज्योतीबहादुर भण्डारीले आफू थाईल्याण्डमा व्यापार व्यवसाय गरिबसेको र ज्योती गुरुङले सहकारीबाट अपचलन गरेको पैसा आँफूले चलाएको हुँदा उक्त रकमको ब्याजसहित हुन आउने सम्पूर्ण रकम पार्सल गरिदिएको र उक्त पार्सलको पैसा निकाल्नका लागि कमिसन चाहिन्छ भनी सुजन शाक्य, हितमान थापा, प्रकाश यादवसमेतसंग सम्पर्क, कुराकानी गराइदिई कमिसन बापतको रकम निजहरुसमेतले टिपाइदिएको बैंक खाता र व्यक्तिहरुलाई भेटी नगदै दिन लगाई ठगी सम्बन्धी कसूर गरेको हुँदा निज प्रतिवादीहरु र संलग्न अन्य व्यक्तिहरुसमेतलाई कानूनबमोजिम गरिपाऊँ भन्नेसमेत बेहोराको मितेरी बचत तथा ऋण सहकारी संस्थाको तर्फबाट अख्तियार प्राप्त संचालक समितिका सदस्य बोधबिक्रम थापाको जाहेरी दरखास्त परेको तथा छानबिन एवं अनुसन्धान गरी दोषी माथी कारबाही प्रक्रिया अगाडि बढाउन अनुरोध भन्नेसमेत बेहोराको संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय, सहकारी महाशाखा, हेटौंडाको पत्र मिसिल संलग्न रहेको देखिन्छ।

मितेरी बचत तथा ऋण सहकारी संस्थाका मौकामा बुझिएका रामदेवी तुलाधरसमेत २४ जना बचतकर्ताहरुले घटना विवरण कागज गर्दा, उक्त सहकारीको महाप्रबन्धक ज्योती गुरुङलाई दिएको मुद्दती बचतको रकम निजले बनाएर दिएको मुद्दती बचत कार्डमा उल्लेख गरेबमोजिमको रकम सिस्टममा अद्यावधिक नगरी सो रकम आफैले चलाई रकम नपाएको भन्नेसमेत बेहोरा, उक्त सहकारी संस्थाका अध्यक्ष कुम्भराज गुरुङ, सचिव कृष्णबहादुर राना, संचालक समितिका सदस्यहरु सुर्जबहादुर थापा, मोतिप्रसाद आले, हरिबहादुर रोका मगर, कर्मचारीहरु लेखापाल विजयकुमार राई, क्यासियर मिलन गुरुङ, क्लर्क लक्ष्मण दुरासमेतले सहकारीको लेखापाल विजयकुमार राई र अध्यक्ष कुम्भराज गुरुङले Fixed Deposit Card मा पहिले नै दस्तखत गरी प्रतिवादी ज्योती गुरुङलाई दिई सोही Fixed Deposit Card को रकम नै अपचलन भएको भनी तथा दिलकुमारी श्रीससमेतले सहकारी संस्थाबाट ऋण लिंदाका बखत ज्योती गुरुङसंग भेटी निजले ऋण दिलाइदिएको तर लिएको ऋण रकम सहकारी संस्थाको सिस्टममा नजनाई तिर्न बाँकी देखिएको भनी घटना विवरण कागजमा लेखाइदिएको देखिन्छ।

घटना विवरण कागज गर्नेमध्ये लक्ष्मण दुराले ज्योती गुरुङले भनेको विभिन्न व्यक्तिहरुलाई नगदै दिने काम गर्ने गरेको, ज्योती गुरुङले भनेबमोजिम सुरेश अधिकारी र सुवास खत्री भन्ने व्यक्तिलाई

पटकपटक रकम दिएको, सहकारी संस्थामा बचतकर्ताहरुको बचत रकम व्यक्तिगत प्रयोजनको लागि अपचलन गरेको हो भनि स्वीकार गरेकी भन्ने तथ्य अध्यक्षबाट आफूले थाहा पाएको, ज्योतीबहादुर भण्डारीले थाईल्याण्डबाट पठाएको भनेको पार्सल रिसिभ गर्नको लागि कमिसन र डेलिभरी चार्जबापतको रकम भनि आफूलाई सहकारी संस्थाका अध्यक्ष कुम्भराज गुरुङसमेतले विभिन्न व्यक्तिहरुको बैंक खातामा रकम जम्मा गर्न लगाएअनुसार आफूले सोही बमोजिम विभिन्न मितिमा विभिन्न व्यक्तिहरुको बैंक खातामा पटकपटक गरी रकम जम्मा गरिदिएको भन्नेसमेत बेहोरा खुलाइदिएको देखिन्छ।

त्यसैगरी आफूहरु उक्त सहकारीको बचतकर्ता रहेको नभए तापनि निज कुम्भराज गुरुङले आफ्नो नाउँमा रहेको कुमारी बैंकको (खाता नं.१५५००७४१०००००००१) मा रु.१,३०,०००/-(एक लाख तीस हजार रुपैयाँ) जम्मा गरिदिएको भनी जीवन श्रेष्ठले, आफूलाई रु.४,५०,०००/-(चार लाख पचास हजार रुपैयाँ) नगद दिएको भनी मेनुका के.सी., आफ्नो नाउँमा लुम्बिनी विकास बैंक, कपन शाखाको (खाता नं.०२८१०४२०१६७२०६००००००१) मा मिति २०७८/०७/१० गते रू.६१,०००।-(एकसठ्ठी हजार रुपैयाँ) जम्मा गरेको भनी मिना, निज कुम्भराज गुरुङले भनेबमोजिम उल्लिखित सहकारीका कर्मचारी गिरबहादुर राना मगरले नरेश दुराको एनआईसी एसिया बैंक लिमिटेड, अमरसिंह चोकको खाता नं. २६२५७५०८८५८११००१ र नबिल बैंक लि. अमरसिंह चोक, पोखरा शाखाको खाता नं. ०६२१००१७५०२५६४ मा पटकपटक गरी रू.१४,००,०००/-(चौध लाख रुपैयाँ मात्र) रकम जम्मा गरेको भनी नरेश दुराले घटना विवरण कागज गरेको, निज कुम्भराज गुरुङले भनेबमोजिम आफ्नो नाउँको सानिमा बैंक, चुच्चेपाटी शाखाको खाता नं.००९०११०९०००७०२९ मा सन् १२/१०/२०२३ मा रु.३,४०,०००/- र सन् १७/१०/२०२३ मा रु.२,००,०००/- गरी दुई पटकमा जम्मा रु.५,४०,०००/-(पाँच लाख चालिस हजार रुपैयाँ) रकम जम्मा भएको भन्नेसमेत बेहोरा खुलाई निमा घर्तीले घटना विवरण कागजमा बेहोरा खुलाइदिएको देखिन्छ।

सहप्रतिवादी सुरेश अधिकारीले अनुसन्धानको क्रममा बयान गर्दा वि.सं.२०७६ सालदेखि ज्योतीबहादुर भण्डारी मार्फत् ज्योती गुरुङसंग चिनजान भएको, ज्योतीबहादुर भण्डारीले ज्योती गुरुङबाट लिएको रकम भनि कहिले दुई लाख, कहिले तीन लाख, कहिले पाँच लाख देखाउने गरेको, ज्योतीबहादुर भण्डारी विदेश गएपछि ज्योती गुरुङबाट रकम लिएर सुवास खत्रीलाई दिने काम गरेको, पछिपछि रकम लिन जाँदा ज्योती गुरुङले ज्योतीबहादुर भण्डारीले ९(नौ) करोड रुपैयाँभन्दा बढी पैसा लगिसक्यो, ज्योतीबहादुर भण्डारीले अब छिट्टै फिर्ता गर्छु त भनेको छ तर कहिले फिर्ता गर्ने हो, टेन्सन भइसक्यो भनेकी थिइन्, ज्योती भण्डारीले भनेबमोजिम ज्योती गुरुङबाट रकम लिएर सुवास खत्रीलाई दिने काम गरेकोमा पछि रकम लिन जाँदा एकपटक ज्योती गुरुङले ज्योतीबहादुर भण्डारीले करोडौं पैसा लगिसकेको, ज्योतीबहादुर भण्डारी थाईल्याण्डमा भएको, रकम लिन थाईल्याण्ड बोलाएको हुँदा निजले थाईल्याण्ड जाने कुरा गरेकीमा साँच्चै नै ज्योती गुरुङ थाईल्याण्ड गएकी रहेछिन्,ज्योती गुरुङ

थाईल्याण्डमा भएको बेलामा पनि ज्योतीबहादुर भण्डारीले निजलाई WhatsApp मा कल गरी कुम्भराज गुरुङसंग पैसा लिन जाउ भनेको, पहिलो पटक निजबाट दश/पन्ध्र लाख रुपैयाँ लिएको रकम लिने बेलामा कुम्भराज गुरुङले भरपाई कागजमा सही गर्न लगाएको, सो रकम नयाँबानेश्वर, कुमारी बैंकभित्र सुवास खत्रीले पठाएको अर्जुन आरमलाई भेटेर दिएको, त्यसपछि ज्योती गुरुङले निजलाई फोन गरी सहकारी अफिसमा कुम्भराज गुरुङसंग पैसा लिन जाउ, म भनिदिन्छु भनेपछि मात्र निज सहकारीमा पैसा लिन गई कुम्भराज गुरुङबाट दोस्रो पटक पन्ध्र लाख रुपैयाँजति पैसा लिएर सो रकम न्यूरोडतिर सुवास खत्रीलाई भेटेर दिएको भनी आफूले कसुर स्वीकार गरी प्रतिवादी ज्योतीबहादुर भण्डारी र सुवास खत्रीसमेतलाई पोल गरी बयान गरेको तथा निजले अदालतमा बयान गर्दा लक्ष्मण दुराले रकम ल्याएर मलाई न्यूरोड, कुमारीपाटी, शंखमूल र बानेश्वर एरियातिर भेटेर मलाई रकम दिने गरेको भन्ने लक्ष्मण दुराको बेहोरा सत्य हो,मैले ज्योती गुरुङ, कुम्भराज गुरुङ, कृष्णबहादुर राना, लक्ष्मण दुरासमेतबाट रु.२०-२२ करोड (बीसदेखि बाइस करोड रुपैयाँ) रकम लिएको होइन,करिब रु.४०,००,०००।- (चालिस लाख रुपैयाँ)सम्म लिएको हो,सो रकममध्ये रु.८/९ लाख(आठदेखि नौ लाख रुपैयाँ) मात्र प्रतिवादी कुम्भराज गुरुङले भनेको नाम थाहा नभएका ३/४ जना व्यक्तिहरुलाई भेटेर दिएको हुँ, बाँकी रहेको सबै रकम प्रतिवादी सुवास खत्री र निजले नै पैसा लिन पठाएका प्रतिवादी अर्जुन आरमलाई दिएको थिएँ भनी लेखाइदिएको देखिन्छ।

यी प्रतिवादी कुम्भराज गुरुङले अनुसन्धानको क्रममा गरेको घटना विवरण कागजमा उक्त सहकारी संस्थाको सिस्टममा Default देखिएको मुद्दती बचत कार्डमा भएको Authorised Signature आफ्नो रहेको, सहकारी संस्थाको काममा सहजताको लागि खाली मुद्दती बचत कार्डमा पहिले नै दस्तखत गरी प्रतिवादी ज्योती गुरुङलाई विश्वास गरी दिने गरेकोमा निजले बचतकर्ताहरुलाई मुद्दती बचत कार्ड जारी गर्ने गरेको, सोही कुराको फाईदा उठाई ज्योती गुरुङले आफूखुशी बचतकर्ताहरुको बचत रकम मुद्दती बचत कार्डमा मात्र जनाई बचतकर्ताहरुको रकम अपचलन गरेको, आफू WhatsApp मा सक्रिय नभएकोले ज्योती बहादुर भण्डारीसंग कुराकानी गर्नको लागि सहकारी संस्थाका सचिव कृष्णबहादुर रानालाई WhatsApp मा सम्पर्क गराइदिएको, कृष्णबहादुर रानाले ज्योतीबहादुर भण्डारीसँग WhatsApp मा गरेको कुराकानी आफू, बोधबिक्रम थापा, सूर्जबहादुर थापासमेतलाई फरर्वाड गर्ने/जानकारी दिने गरेको, पछि कृष्णबहादुर रानाले ज्योतीबहादुर भण्डारीसँग कुराकानी गर्ने क्रममा ज्योती गुरुङबाट लिएको रकमको साँवा ब्याजसमेत गरी रू.३३,११,००,०००/-(अक्षेरुपी तेत्तिस करोड एघार लाख रुपैयाँ) पार्सल गरी पठाएको र सो रकम निकाल्न कमिसन र डेलिभरी चार्जको लागि थप रकम आवश्यक पर्ने भनेपछि सहकारी संस्थाका सबै पदाधिकारीहरुले सल्लाह गरी ज्योतीबहादुर भण्डारीले साँच्चै नै रकम पठाएको होला भन्ने विश्वासमा परी निजले भनेबमोजिमको रकम पटकपटक नेपालमा रहेका विभिन्न व्यक्तिहरुको खातामा र व्यक्तिगत रुपमा भेटी नगदसमेत गरी जम्मा

रकम रु.३,३७,४९,६२०/-(तीन करोड सैंतिस लाख उनन्चास हजार छ सय बीस रुपैयाँ) हामी मार्फत लिएको, सो रकमहरु ज्योतीबहादुर भण्डारी, सुजन शाक्य, हितमान थापा र प्रकाश यादवले भनेबमोजिम दिएको रकम मसमेतका पदाधिकारीहरुको व्यक्तिगत रकम रहेको, उक्त रकमहरु मसमेत कृष्णबहादुर राना, गिरबहादुर राना, लक्ष्मण दुरा, बोधविक्रम थापासमेतका व्यक्तिहरुले जम्मा गरेको भन्नेसमेत बेहोरा खुलाएको देखिन्छ भने निज प्रतिवादीले अदालत समक्ष समेत सोही बेहोराको बयान गर्दै आफूले कम्प्युटर चलाउन नजानेको हुँदा सम्पूर्ण आर्थिक कारोबारको जिम्मा महाप्रबन्धक प्रतिवादी ज्योती गुरुङलाई दिई निजको विश्वासमा काम गराएको, बचतकर्ताहरुको बचत रकम सहकारीमा जम्मा भए/नभएको भन्ने कुराको निगरानी महाप्रबन्धक एवं सहप्रतिवादी ज्योति गुरुङ, अकाउन्ट म्यानेजर विजयकुमार राई र क्यास अफिसर मिलन गुरुङले गर्नुपर्ने जिम्मेवारी रहेको, मुद्दती बचतकार्डको रकम निकाल्नको लागि बचतकर्ता आएको भनि सो मुद्दती बचत रकमबमोजिमको चेक बनाई दस्तखत गर्न दिने गरेकीमा सबैभन्दा पुरानो र विश्वासिलो कर्मचारी भएको नाताले निजको विश्वासमा परी चेकहरुमा दस्तखत गरी दिने गरेको, मुद्दती बचतकर्ताहरुले जम्मा गर्न दिएको बचत रकम निज ज्योती गुरुङले सहकारी संस्थामा जम्मा नगराई हिनामिना, अपचलन गरेको, आफ्नो हस्ताक्षर भएको जम्मा १२६ वटा मुद्दती कार्डमा बचतकर्ताहरुको बचत रकम अपचलन भई सहकारी संस्थाको सिस्टममा जम्मा Default देखिएको रकमं रु.९,१०,४४,१६६/-(नौ करोड दश लाख चौवालिस हजार एक सय छैसठ्ठी रुपैयाँ) देखिएको भन्नेसमेत बेहोरा खुलाइदिएको देखिन्छ।

उपरोक्त तत्काल प्राप्त प्रमाणहरु हेरी विचार गर्दा, मिसिल संलग्न जाहेरी दरखास्त, यी प्रतिवादी उपर ठगी सम्बन्धी कसुर मुद्दामा अभियोजन गरिएको, रामदेवी तुलाधरसमेतका बचतकर्ताहरुले गरिदिएको घटना विवरण कागज, लक्ष्मण दुरासमेतले लेखाइदिएको घटना विवरण कागज, प्रतिवादी कुम्भराज गुरुङले मौकामा घटना विवरण कागज तथा अदालत समक्ष बयान गर्दा आफूले उक्त मितेरी सहकारी संस्थाको महाप्रवन्धक एवं सहप्रतिवादी ज्योति गुरुङको विश्वासमा परी खाली कार्डहरुमा हस्ताक्षर गरी दिएको र सो हस्ताक्षरबाट १२६ थान कार्डको करिब नौ करोड रुपैयाँ हिनामिना भएको भन्ने तथ्य स्वीकार गरी बयान गरेको, प्रतिवादी सुरेश अधिकारीसमेतले प्रतिवादी ज्योती गुरुङ र यी प्रतिवादीबीच सम्पर्क रहेको भनी पोल गरी बयान गरेको साथै निजले अदालत समक्ष प्रतिवादी कुम्भराज गुरुङसमेतबाट करिब रु.४०,००,०००।-(चालिस लाख रुपैयाँ)सम्म बुझिलिएको, सो रकममध्ये रु.८/९ लाख (आठ देखि नौ लाख रुपैयाँ) प्रतिवादी कुम्भराज गुरुङले भनेको नाम थाहा नभएका ३/४ जना व्यक्तिहरुलाई भेटेर दिएको भन्नेसमेत तथ्य खुलाएको, सूर्जबहादुर थापाको संयोजकत्वमा गठित उक्त सहकारी छानविन समिति समक्ष स्पष्टीकरण दिदा यी प्रतिवादीले आफूले अध्यक्षको हैसियतले उक्त सहकारीको रकम हिनामिनामा आफू जिम्मेवारी बनी हिनामिना भएको रकम फिर्ता गर्न प्रयास गर्नेछु भन्नेसमेत तथ्य स्वीकार गरेको, उक्त सहकारीमा सयौं बचतकर्ताहरुको बचत/निक्षेप रकम

रही हालसम्म फिर्ता नभएको अवस्था मिसिलबाट देखिएको समेतका मिसिल संलग्न आधार प्रमाणहरुबाट यी प्रतिवादी कुम्भराज गुरुङलाई अहिले नै कसुरदार होइनन् भनी मात्र मिल्ने अवस्था नदेखिए तापनि निज प्रतिवादीको उमेर ८१ वर्ष भई निज ज्येष्ठ नागरिक रहेको, निजको स्वास्थ्य अवस्था, आरोपित कसुरको अवस्था, कसुरको गम्भीरता, कसुरमा निज प्रतिवादीको संलग्नता र निज प्रतिवादीलाई हुन सक्ने सजायसमेतलाई विचार गर्दा निज प्रतिवादीलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने अवस्थाको विद्यमानता रहे भएको नदेखिदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाल मुलकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ बमोजिम प्रतिवादी कुम्भराज गुरुङबाट रु.३५,००,०००।-(पैतिस लाख रुपैयाँ) नगद धरौट वा सो बराबरको जेथा जमानत वा बैंक जमानत दिए लिई निज प्रतिवादीलाई मुद्दा पुर्पक्षका निमित्त तारेखमा राख्नु र दिन नसके कानून बमोजिमको सिधा खान पाउने गरी थुनुवा पूर्जी दिई थुनामा राख्न सम्बन्धित कारागार कार्यालयमा पठाइदिने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७९ बमोजिम यो आदेश पर्चा गरिदिएको छ। नियमानुसार गर्नू।

२०८२।५।१९।५

जिल्ला न्यायाधीश

आदेश सुनी सही गर्ने:

-प्रतिवादी कुम्भराज गुरुङ

इति सम्वत २०८२ साल भाद्र महिना १९ गते रोज ५ शुभम्..........................................।